महिला मानवअधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल
"National Alliance of Women Human Rights Defenders"
(NAWHRD)

चलानीनं-३८-०८०/०८१ मिति:२०८१/०१/०५

# प्रेस विज्ञप्ति

माननीय गृहमन्त्री रवि लामिछानेको निर्देशनपछि जिल्ला प्रशासन कार्यालय, काठमाडौंले मिति २०८० चैत्र ३० गते "पूर्ण समय व्यवसाय सञ्चालन सम्बन्धी आचारसंहिता एवं सुरक्षा व्यवस्थापन मापदण्ड, २०८०" जारी गर्दै लागु गरिसकेको र नयाँ वर्षको अवसरमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेद्वारा ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुल्ला भएको घोषणासमेत गरिसकेको विषयप्रति हामी महिला मानव अधिकार रक्षकहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत सञ्जाल, सङ्घसंस्थाहरू र श्रमजीवीहरूको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालको संविधान, २०७२ ले सम्पूर्ण नेपाली नागरिकलाई रोजगारीको अधिकार र न्यायपूर्ण श्रम अभ्यासको अधिकार हुनेछ भनी उल्लेख गरेको छ।[१] नेपालको संविधानको अतिरिक्त श्रम ऐन, २०७४ र नियमावलीमा पनि निश्पक्ष श्रम अभ्यासको बारेमा विस्तृत प्रावधानहरू रहेका छन् । विक्रम सम्वत् २०७४ श्रावण २९ गते योगदानमा आधारित सामाजिक सुरक्षा विधेयक संसदबाट पारित भई जारी पनि गरिसकिएको र २०७४ कार्तिक २५ गते योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमासमेत आइसकेको छ। सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा आएको ६ वर्षपछि अनौपचारिक श्रम क्षेत्रलाई पनि समेट्ने उद्देश्यले २०८० श्रावण ३१ गतेबाट यसको औपचारिक शुभारम्भ भइसकेको छ । यद्यपि, औनौपचारिक/असङ्गठित थुप्रै क्षेत्रमा कार्यरत श्रमिकहरूको श्रमको अधिकार र सुविधाको अधिकार कार्यान्वयन हुन सकेको छैन। यसले गर्दा श्रमिकहरू राज्यको सेवा सुविधाबाट वञ्चित हुनुपरेको अवस्था छ भने हालै जारी गरिएको आचारसंहिता पनि श्रमिकको हक विपरित रहेको देखिन्छ। श्रम ऐनअनुसार पारिश्रमिक र सेवा सुविधाको व्यवस्थाको कार्यान्वयन राज्यद्वारा सुनिश्चित गरिएको छैन । पुँजीपतिको सुविधालाईमात्रै मध्येनजर गरेर श्रमिकहरूको हकहितलाई नजरअन्दाज गर्न नमिल्ने कुरामा हामी महिला मानव अधिकारकर्मीहरू सचेत छौं। दिनरात नभनी श्रम गरेर श्रमिकहरूले रोजगारदाता(मालिक)हरूलाई धनी बनाएका छन् । तर लाखौंको सङ्ख्यामा रहेका श्रमिकहरूलाई सुक्खा ८ हजारदेखि १५ हजारमा काम गर्न बाध्य पारिएको छ। यसले गर्दा श्रमिकहरू व्यापक शोषण र मारमा परेका छन् भन्ने हाम्रो ठम्याइ रहेको छ।

यसै सन्दर्भमा, राजधानीको केन्द्रमा रहेको ठमेल र दरबारमार्ग २४ सै घण्टा खुल्ला रहनु आर्थिक विकासका लागि राम्रो हो। कोभिड-१९ पश्चात् मन्दगतिमा रहेको नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन गरिएको यो पहल आफैमा प्रशंसनीय छ। हामी यसको विरोधी हैनौं। तर ठमेल, दरबारमार्ग, जमल र सुन्धारा क्षेत्रमा रहेका रात्रीकालीन व्यवसाय अन्तर्गतका सत्कार तथा मनोञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरूलाई आवश्यकताभन्दा बढी कार्यघण्टाको बोझ थपिनेप्रति हामी संवेदनशील छौं । दिनमा कलेज, विद्यालय पढेर रात्रीकालीन श्रम गरी आफ्नो र परिवारको खर्च टार्न बाध्य श्रमिकहरूलाई राज्यले आचारसंहिता जारी गरी बनाएको यो नियमभित्र रहेर काम गर्न निकै कठिन बनाएको छ। यसर्थ, २४ घण्टा बजार/व्यवसाय खुल्ला राख्दा श्रमिकहरूलाई पर्नसक्ने अप्ठ्यारोप्रति राज्यको ध्यानाकर्षण होस् भन्दै हामी

[१] नेपालको संविधान, २०७२

सचिवालय
मितेरी मार्ग, घर नम्बर ९२/६१, मध्य बानेश्वर, काठमाडौं पो.ब.नं. १३२३३
फोन नं. : ०१ ४४८२७६१ इमेल : secretariat@nawhrd.org

मानव अधिकार रक्षकहरू र श्रमजीवीहरू तपसिलका मागहरू राखी सरकार तथा सरोकारवालाहरूको ध्यान आकर्षण गराउँदै यी मागहरूको अविलम्ब सम्बोधन होस् भनी अपिल गर्दछौं।

**मागहरू:**

१. श्रमिकलाई रोजगारदाताले ८ घण्टाभन्दा बढी काम लगाएमा अतिरिक्त पारिश्रमिकको व्यवस्था गरियोस्।
२. श्रमिकहरूको स्वास्थ्य बिमा, दुर्घटना बिमा आदि व्यवस्था गरी यसको प्रभावकारी कार्यान्वयन गरियोस्।
३. साप्ताहिक बिदा, वार्षिक बिदा, चाडपर्व बिदा, सुत्केरी भएबापत ९० दिन पाइने बिदा, श्रीमती सुत्केरी भए निजको श्रीमान्ले पाउने १५ दिनको स्याहार बिदा, बिरामी बिदा र महिलाले विशेष अवस्थामा पाउने बिदाको व्यवस्थाहरू कार्यान्वयन गरियोस्।
४. राज्यद्वारा तोकिएको श्रमिकको न्यूनतम पारिश्रमिक रोजगारदाताले दिए/नदिएकोबारे अनुगमन गरियोस्।
५. काममा राखेपछि कामको अवधि र पारिश्रमिक तोकिएको सम्झौता पत्र वा नियुक्ति पत्रको व्यवस्था गरियोस्।
६. एक दिन काममा नगए रोजगारदाताले श्रमिकको २ दिनको हाजिरी काट्ने गरेको, ग्राहकहरूले बिल भुक्तानी नगरी गएमा श्रमिक स्वयम्लाई तिराउने गर्ने गरेको प्रवृति रोकियोस्।
७. श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न यथोचित प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा पहल गरियोस्।

**ऐक्यबद्धतासहित**

महिला मानव अधिकार रक्षक जिल्ला सञ्जाल, काठमाडौं
महिलाको निम्ति महिला मञ्च
ओरेक नेपाल
तरङ्गिनी फाउन्डेसन
नेपाल महिला एकता समाज
स्वासा नेपाल
जागृति महिला महासङ्घ
पहिचान सञ्जाल
श्रमजीवी महिला मञ्च
श्रमजीवी कृषक महिला सञ्जाल
घरेलु श्रमजीवी महिला सञ्जाल

गोमावती पुन (सिर्जना)
महासचिव
महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल